नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको

### रिक्त व्यवस्थापन विज्ञ सदस्य नियुक्तिका दरखास्त आव्हान सम्बन्धी सूचना ।

प्रकाशित मितिः २०८१/०६/०६

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको रिक्त रहेको एक जना महिला सहित दुई जना व्यवस्थापन विज्ञ सदस्य पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरवार, काठमाडौंमा आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>योग्यता तथा अनुभवः</u>

क) नेपालको नागरिक भएको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयवाट सम्बन्धित विषयमा कम्तिमा स्नातक उपाधी हाँसिल गरी सार्वजनिक निकायको कामको प्रकृतिसँग सम्वन्धित विषयमा कम्तिमा दश वर्षको विज्ञता हाँसिल गरेको हुनु पर्नेछ।

ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति तथा मनोनयन सम्वन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको ।

घ) दरखास्त दिने अन्तिम मितिसम्म तीस वर्ष पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको।

२. <u>निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः</u>

दरखास्तसाथ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेवसाइट www.moics.gov.np मा प्रकाशित "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्वन्धी निर्देशिका, २०७८" को अनुसूची २ बमोजिमको ढाँचामा दरखास्त भरी दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मन्त्रालयको वेवसाइटमा रहेको नमूना वमोजिमको स्वःघोषणा फाराम, व्यक्तिगत विवरण र अनुभव सम्वन्धमा सम्वन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. <u>दरखास्त दस्तुरः</u>

दरखास्त दस्तुरवापत यस मन्त्रालयको कार्यालय कोड नं.३०७००३५०१ राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य वैंक लि. सिंहदरवार शाखामा रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) वुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

४. <u>अन्य विवरण:</u>

क) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र दरखास्त साथ पेश गर्नुपर्नेछ।

ख) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

ग) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ